# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर


## शुभकामना सन्देश

हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधताले भरिपूर्ण छ । विविधतायुक्त देशमा हाम्रा चाडपर्व एवं संस्कृतिका कारण विश्वमञ्चमा हाम्रो देश नेपाल र हामी नेपालीको विशिष्ट पहिचान बनेको छ। हामीलाई विशिष्ट पहिचान दिलाउने पर्वहरुमध्ये फागु एक महत्वपूर्ण चाड हो। आज पहाडी तथा हिमाली एवं भोलि भित्री मधेस र तराईका जिल्लाहरुमा हर्षोल्लासपूर्ण वातावरणमा फागु पर्व मनाइँदैछ । रङ्गै-रङ्गहरुको उत्सवका रुपमा मनाइने यस पर्वका अवसरमा सन्दर्भमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दिघार्यू एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

आपसमा रंग दलेर प्रेम, सद्भाव एवम् सहिष्णुता अभिवृद्धि गर्दै हाम्रो राष्ट्रिय एकतालाई मजबुत बनाउन यस पर्वले योगदान पुऱ्याउने मलाई विश्वास छ। समाजका कुरिती तथा कुसंस्कारलाई अन्त्य गर्दै हाम्रा यस्ता मौलिक पर्वहरुको संरक्षण र सम्बर्द्धन गर्नु आवश्यक छ। अनुशासित र सभ्य रुपमा होली मनाऔं। हाम्रो जीवन पनि रंगहरुजस्तै रंगीन, रमणीय र उल्लासमय बनोस्। फागु (होली) को यस अवसरमा पुनः एक पटक सबैमा शुभकामना।

**२०८० साल फागुन ११ गते, आइतबार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**